"समृद्ध राप्ती नगरको आधार, कृषि, पर्यटन र पूर्वाधार"

# समृद्ध राप्ती

## ई-बुलेटिन

२०८१ बैशाख २८ गते शुक्रवार
Friday , May 102024
• वर्ष-१ | • अंक-७

Email :rraptimunicipality42@gmail.com

समृद्ध राप्ती - ई बुलेटिन web : www.raptimunchitwan.gov.np SAMBRIDHHA RAPTI - E-bulletin

# अत्याधिक गर्मि बढेपछि सचेत रहन नगर प्रमुख लामाको आग्रह




राप्ती । जल तथा मौसम विज्ञान विभागले विगत केही दिनदेखि देशका अधिकांश भूभागको अधिकतम तथा न्यूनतम तापक्रम क्रमिक रुपमा वृद्धि भइरहेकाले गर्मी बढी हुने जनाएको छ । विभागले तराइका जिल्लामा अधिकतम तापक्रम ४० डिग्री सेल्सियस वा सो भन्दा बढी मापन गरिएको भन्दै तापक्रम बढ्ने हुँदा सचेत हुन राप्तीका नगर प्रमुख शमशेर लामाले अनुरोध गरेका छन । आगामी केही दिनसम्म देशभरको तापक्रमको अवस्थाको विश्लेषण अनुसार अत्यधिक गर्मीको सम्भावना रहने भएकाले आवश्यक तयारी गर्न तथा आवश्यक सतर्कता अपनाउनहुन अनुरोध गरेका हुन । हावा तथा तातो लहरको सम्भावना रहको हुनाले सो को असरबाट बच्न आवश्यक सतर्कता अपनाउन हुन अनुरोध गरेका हुन । नगर प्रमुख लामाले तातो हावा तथा तातो लहरबाट बच्न बढी गर्मीको समयमा घरभित्र अर्थात चिसो स्थानमा रहने, बाहिरि वातावरणमा बढी नजाने, हल्का लुगा लगाउने, सुती कपडा लगाउने, बाहिर निस्कँदा टाउको छोप्ने, टोपी लगाउने, नियमित (पटक-पटक) पानी तथा झोल पदार्थ (जुस, सर्वत, आदि) प्रशस्त मात्रामा पिउने र स्वास्थ्यमा समस्या भएमा स्वास्थ्यकर्मीसँग नियमित सम्पर्कमा रही थप सल्लाह सुझाव लिन अनुरोध गरेका छन ।

## राप्ती ७ ले भन्यो बैशाख २४ भित्र पोषण भत्ता लिन आउनु

राप्ती । राप्ती नगरपालिका वडा नं ७ ले लक्षित महिला दिदिबहिनीहरुको लागी पोषण भत्ता वितरण गर्ने भएको छ । वडाको नियमित कार्यक्रम अर्न्तगत यस बर्ष पनि वडा भित्रका सुत्केरी र गर्भवति महिलाहरुको लागी पोषण भत्ता वितरण गर्न लागिएको अध्यक्ष सुमिता डल्लाकोटीले बताइन । राप्ती न.पा वडा नं ७ मा स्थाई बसोवास गर्ने, यसै आ.व. भित्रमा गर्भवती तथा सुत्केरी हुनुभएका आमाहरुको लागी गर्भवती सुत्केरी पोषण खर्च उपलब्ध गराउने कार्यक्रम भएकोले आवश्यक कागपत्र पेश गर्न अध्यक्ष सुमिता डल्लाकोटीले अनुरोध गरिन । बैशाख २४ गते वडाको आधारभुत स्वास्थ्य केन्द्र शिरकोट राप्ती ७ मा नाम दर्ता गराउनु पर्ने अध्यक्ष डल्लाकोटीले बताइन । नाम दर्ता गराउदा नेपाली नागरीताको फोटोकपी, गर्भवती महिलाको हकमा गर्भवती जांच कार्डको फोटोकपी , सुत्केरी महिलाको हकमा अस्पतालको डिस्चार्ज कार्ड वा बच्चाको जन्मदर्ताको फोटोकपी उपलव्ध गराउनु पर्नेछ ।

**निशुल्क एम्वुलेन्स : ९८५५०५०२४५**



**श्री शमशेर लामा**
नगर प्रमुख
सम्पर्क : ९८५५०६२२३२



**श्री देवेन्द्र लामा**
नगर उप प्रमुख
सम्पर्क : ९८५५०५०६१०



**श्री शैलेन्द्र भण्डारी**
प्रमुख प्रशासकीय अधिकृत
सम्पर्क : ९८५५०४३१११



**श्री दिपक थिङ**
सूचना अधिकारी
सम्पर्क : ९८६०८३६३९४

## आमाहरुको लागी नगरका ३ काम

घरघरमा स्वास्थ्य सेवा—

वृद्ध अवस्थामा रहनु भएका आमाहरुलाइ स्वास्थ्य उपचारको लागी निशुल्क एम्वुलेन्स सेवा सुरु भएको छ । यसका अलवा अस्पताल सम्म आउन नसक्नु भएका आमाहरुको लागी घरघरमा स्वास्थ्य सेवा सहित आफु स्वंयम पुग्नु भएको छ । यो सेवा वृद्ध आमावुवा सवैलाइ बराबरी रहेको छ । अधिकांश सेवा लिनेमा आमाहरु रहनु भएको भन्दै अझ सेवा विस्तारमा ध्यान दिने नगर प्रमुखले बताउनु भयो ।

पिसानी मिल —

राप्तीका आमाहरुको स्वास्थ्यलाइ ध्यानमा राख्दै विजुली नपुगेको ठाउमा डिजल पेट्रोल वाट चल्ने मिलको ठाउ ठाउमा व्यवस्था भएको छ । राप्तीको कान्दा वासवाङ होस वा परेवाकोट यो सुविधा अहिले सवै पहाडी क्षेत्रमा पुगेको छ । अध्यारोमै उठेर आमाहरु पिठो पिसानीको लागी घ सम्म जानुपर्ने, ढिकी जाँतो गर्नुपर्ने समस्या समाधानको लागी पिसानी मिलको व्यवस्था गरिएको हो ।

बर्थिङ सेन्टर —

राप्तीको विकट मानिएका ठाउमा सुत्केरी हुदा ज्यानलै जोखिममा पार्नुपर्ने अवस्थाको अन्त्य भएको छ । प्रसव पिडा सहन नसकि, समयमा उपचार नपाइ ज्यान सम्म गुमाउनु पर्ने आमाहरुको खुशिको लागी बर्थिङ सेन्टर सुरु भएको छ ।

वडा नं १३ मा बर्थिङ सेन्टर सुरु गरिएको हो । बैशाख १५ गते वडाको वासवाङ स्वास्थ्य केन्द्रमा बर्थिङ सेन्टर सुरु भएको र अव सो क्षेत्रका आमाहरु जोखिममा भन्दा वाहिर रहनु हुनेछ ।

# राप्ती ८ को अनुरोध सवारि चालक तालिम सिक्न आउनुहोस

बैशाख २२/भण्डारा
राप्ती । राप्ती नगरपालिका वडा नं ८ ले सिपमुलक तालिम गर्ने भएको छ । वडा कार्यालयलले सुचना जारी गर्दै हलुका सवारि चालक तालिम संचालन गर्ने भएको हो । वडामा स्थाइ रुपमा बसोबास गर्ने १९ देखि ३५ वर्षसम्मका कम्तिमा एसइइ वा एसएलसी पास भएका व्यक्तिहरुले आवश्यक कागजपत्र सहित वडामा सर्म्पक गर्नुपर्ने कार्यवहाक वडा अध्यक्ष दिपक अधिकारीले बताए । वडा वाट लक्षित कार्यक्रममा सहभागि भएकालाइ कार्यक्रममा सहभागि गराउन नसकिने उनले बताए । वडामा रहेका युवालाइ रोजगार सिर्जना गर्ने उद्देश्यले तालिम दिन लागिएको उनले बताए । तालिममा सहभागि हुन चाहानेले नागरिकताको प्रतिलिपि र एसइइ वा एसएलसि पास गरेको शैक्षिक प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ ।

# वडा नं ५ मा स्वास्थ्य विमा कार्यक्रम

बैशाख २२/भण्डारा
राप्ती । राप्ती नगरपालिका वडा नं ५ ले विपन्न वर्गको लागी स्वास्थ्य विमा गर्ने भएको छ । वडा नं ५ मा रहेका विपन्न परिवार को लागी स्वास्थ्य विमा कार्यक्रम ल्याएको वडा अध्यक्ष सिताराम तामाङ्ले बताए । उनका अनुसार अहिले वडामा सुगर प्रेसर दम तथा अन्य दिर्घ रोगी तथा अति विपन्न वर्गका घर परिवारले समेत रहेका छन भने सर्म्पकमा आउन उनले अनुरोध गरेका छन । बैशाख १३ मा जारी गरिएको सुचनामा १५ दिन भित्र आवश्यक निवेदन सहित सर्म्पकमा आउन उनले अनुरोध गरेका छन । वडामा आउदा नागरिकता प्रमाण पत्रको प्रतिलिपि ,स्थायी ठेगाना अन्यत्रको भएमा वसाईसराई प्रमाण पत्रको प्रतिलिपि , अस्पताल जाँच गराएको प्रमाणित कागजात सहित आउन पर्ने वडा अध्यक्ष तामाङ्ले बताए । अघिल्लो आर्थिक वर्षमा सोहि कार्यक्रममा छनोट भएका लाभग्राहीहरुको निवेदनलाई यस वर्ष समावेश नगरिने तामाङ्ले बताए ।

# राप्ती वडा नं ८ ले यो बर्ष पनि पोषण भत्ता बाड्ने

राप्ती । राप्ती नगरपालिका वडा नं ८ ले गर्भवती तथा सुत्केरी महीलाहरुको विवरण संकलन माग गरेको छ । वडाको बजेट वाट गर्भवती तथा सुत्केरी पोषण भत्ता उपलव्ध गराउने भन्दै विवरण माग गरिएको कार्यवहाक वडा अध्यक्ष दिपक अधिकारीले बताए । उनका अनुसार सुत्केरी गर्भवती पोषण कार्यक्रम संचालन गर्न लागिएकोले बैशाख १७ मा सुचना जारी भएको छ सोहि अनुसार हामी सुत्केरी र गर्भवतिलाइ पोषण भत्ता उपलव्ध गराउने छौ । लक्षित वर्गले नागरिकताको प्रतिलिपी, बच्चाको जन्मदर्ताको प्रतिलिपी (सुत्केरी महीलाहरुका लागि), गर्भवती चेकजाँच सम्बन्धी कागजात (गर्भवती महीलाहरुका लागि ) लगायतको कागपत्र माग गरेको छ । यस किसिमको कार्यक्रमले महिला दिदीवहिनीहरुलाइ प्रोत्साहन मिल्ने , कमजोर परिवार मा रहनु भएको छ भने उहाहरुलाइ थप सहयोग मिल्ने कार्यवहाक वडा अध्यक्ष अधिकारीको विश्वास रहेको छ । वडाले प्रत्येक बर्ष यो कार्यक्रम गर्दै आइरहेको छ ।



यो आर्थिक बर्षमा राप्ती ७ र ८ जोड्ने सिमानामा धेरै यस ढलान भएका छन । प्रदेश सरकारको सहयोगमा ढलान भएको हो ।

## सम्पादकीय

### स्वागत योग्य निर्णय

बागमती प्रदेशमा अब नेवारी र तामाङ भाषा पनि सरकारी कामकाजको भाषा बनेको छ । वैशाख २४ गतेबाट व्यावहारिक रुपमा प्रयोगमा ल्याइएको छ । बागमती प्रदेश सरकारले प्रदेशमा नेवा: र तामाङ भाषा सरकारी कामकाजको भाषा प्रयोगमा ल्याइएको खुसीयालीमा २४ गते प्रदेशभर सार्वजनिक बिदा दिइएको थियो । राप्ती नगर प्रमुख शमशेर लामाले देश संघियतामा गएपछि सवैले आफ्नो पन आभाष गर्न पाएको बताए । उनले आफ्नो परम्परा र सस्कृतीको माध्यम वाट देशको पहिचान हुने भन्दै सरकारले गरेको निर्णय स्वागतयोग्य रहेको बताए । राप्ती नगरपालिकामा तामाङ समुदायको वाहूल्यता रहेको छ । सार्वजनिक पदमा बहाल रहेका व्यक्तिले सरकारी कामकाजको भाषा प्रयोग गर्न इन्कार गरेमा जरिवाना र सजाय हुने प्रावधानसमेत प्रतिवेदनमा राखिएको छ । प्रदेश सरकारी कामकाजको भाषा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८० पारित भएको एक सय ८० दिन पूरा भई कार्यान्वयनमा आउन लागेको हो । उक्त ऐन विसं २०८० कात्तिक २३ गते वागमती प्रदेशसभाबाट पारित भएको थियो ।अध्ययनबाट थप पहिचान गरेका आठसहित एक सय ३१ भाषा नेपालमा बोलिने भाषा रहेकामा १० हजारभन्दा कम वक्ता सङ्ख्या भएका भाषा ७४ छन् । कम बोलिनेमध्ये मौखिक परम्परामा आधारित र अत्यन्त थोरै वक्ता भएका दुरा, कुसुन्डा, तितुङ, बराम र लुङिम जस्ता भाषा लोपोन्मुख अवस्थामा रहेको उल्लेख छ । नेपालको जनगणना २०६८ मा नेपालमा बोलिने भाषा एक सय २३ रहेको तथा नेपाली भाषाका मातृभाषी वक्ता ४४ दशमलव ६४ प्रतिशत र दोस्रो भाषाका रुपमा नेपाली भाषा प्रयोग गर्ने ३२ दशमलव २८ प्रतिशत रहेको देखाएको थियो ।नेपालको संविधानको धारा ३२ मा ‘प्रत्येक व्यक्ति र समुदायलाई आषनो भाषा प्रयोग गर्ने, सांस्कृतिक जीवनमा सहभागी हुन पाउने र आषनो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्द्धन र संरक्षण गर्ने हक हुने’ व्यवस्था गरिएको छ ।

### महत्वपुर्ण सर्म्पक नम्वर

राप्ती नगरपालिका चितवन : ०५६-५५००१५
राप्ती नगर प्रमुख : ९८५५०६२२३२
राप्ती नगर उपप्रमुख : ९८५५०५०६१०
सुचना अधिकारी : दिपक थिङ : ९८६०८३६३९४
भण्डारा अस्पताल : ०५६-५५००३७
निशुल्क एम्वुलेन्स : ९८५५०५०२४५
निशुल्क रगतको लागी : ०५६-५९५८८०
जिल्ला प्रहरी कार्यालय चितवन : १००
इ. प्रहरी कार्यालय भण्डारा : ९८५५०९०३०३
दमकल :०५६५८२५४६
विद्युत प्राधिकरण भण्डारा : ०५६-५५०३६६
राप्ती उद्योग वाणिज्य संघ : ९८५५०६६३२२

सञ्चार माध्यम सर्म्पक न

हाम्रो राप्ती एफ एम : ९८५१०७४०६२
बिशाल न्युज दैनिक : ९८४३६०५३२८
सजिलो पाटी मिडिया : ९८११९८६०८७
द भ्वाइस अफ इण्डिजिनियस : ९८६५५१३५५३
द भ्वाइस अफ मगर : ९७६२३४५७४५



# मातृ सहयोग आधारभूत विद्यालयको ३४ औ वार्षिकोत्सव तथा अविभावक दिवस कार्यक्रम

# राप्ती नगर प्रमुख शमशेर लामा हरेक हप्ता वृद्ध आमा वुवाको लागी घरघरमा निशुल्क स्वास्थय परिक्षण गर्नुहुदैं ।



## घर रेट पेश गर्ने सम्बन्धमा ।

**(प्रथम पटक प्रकाशित सूचना: २०८१/०१/१७)**

प्रस्तुत विषयमा यस राप्ती नगरपालिको आ.व. २०८०/०८१ को पालिका र विभिन्न वडाको वार्षिक स्वीकृत कार्यक्रम अर्न्तगत मौरी प्रवर्धन कार्यक्रम संचालन गर्न तपशिल बमोजिमका सामाग्रीहरु खरिद गर्नुपर्ने भएकोले इच्छुक विक्रेताहरुले के कति दर रेटमा तपशिलका सामाग्रीहरु उपलब्ध गराउन सक्नुहुन्छ सो को विवरण सूचना प्रकाशित मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा गोप्य कोटेशन उपलब्ध गराइदिनुहुन अनुरोध छ।

| क्र.सं. | विवरण | संख्या | दर रेट |
|---|---|---|---|
| १ | मौरीघार च्याम्बर (टुनी काठको) | १ थान | |
| २ | आसन बोर्ड (टुनी काठको) | १ थान | |
| ३ | ढक्कन (प्लेट सिट सहित को टुनी काठको) | १ थान | |
| ४ | इन्टर कभर (टुनीको, आल्मुनियम जाली) | १ थान | |
| ५ | फ्रेम (टुनी काठको) | १ थान | |
| ६ | फलामको स्टेण्ड (मौरीघार राख्ने चारखुट्टे स्टेण्ड) | १ थान | |
| ७ | फिडर | १ थान | |
| ८ | घुम्टी | १ थान | |
| ९ | पन्जा | १ थान | |
| १० | धुँवादानी | १ थान | |
| ११ | मह दानी (स्टील) | १ थान | |
| १२ | रानु ढोका | १ थान | |
| १३ | मह छान्ने जाली | १ थान | |
| १४ | आधार चाका | प्रति के.जि | |
| १५ | मौरी गोला | | |
| | क) एपिस मेलिफेरा | प्रति फ्रेम | |
| | ख) एपिस सेरेना | प्रति फ्रेम | |
| १६ | एपीस मेलीफेरा र सेरीना मौरीको टुनी काठको सिंगल घार (फ्रेम र स्टेण्ड सहित) को | १ थान | |
| १७ | एपीस मेलीफेरा र सेरीना मौरीको टुनी काठको सिंगल घार (फ्रेम र स्टेण्ड, मौरी सहित) को | १ थान | |

आवस्यक कागजातहरु

१.निवेदन।

२.सस्था दर्ता प्रमाण-पत्रको प्रतिलिपि।

३.स्थाई लेखा नं. को प्रतिलिपि।

४.गत आ.व.को कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि।

**राप्ती नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
हर्दी भण्डारा, चितवन
बागमती प्रदेश, नेपाल

**शमशेर लामा**
नगर प्रमुख
राप्ती नगरपालिका
चितवन, नेपाल

## आज आमाको मुख हेर्ने दिन

### राप्तीका आमाहरूको सुस्वास्थ्यको कामना

आज आमाको मुख हेर्ने दिन , राप्ती नगरपालिका नगर प्रमुख शमशेर लामा ज्युले राप्तीका आमाहरुको सुस्वास्थ्य तथा दिर्घायुको कामना गर्नुहुदैं शुभकामना व्यक्त गर्नु भएको छ । आफु निर्वाचित भइ स्थानीय सरकारको नेतृत्व गरेपछि राप्तीका आमाहरुको लागी गरिएको ३ वटा महत्वपुर्ण काम सम्झनु भएको छ ।

**निशुल्क एम्वुलेन्स/ घरघरमा स्वास्थ्य सेवा**

वृद्ध अवस्थामा रहनु भएका आमाहरुलाइ स्वास्थ्य उपचारको लागी निशुल्क एम्वुलेन्स सेवा सुरु भएको छ । यसका अलवा अस्पताल सम्म आउन नसक्नु भएका आमाहरुको लागी घरघरमा स्वास्थ्य सेवा सहित आफु स्वंयम पुग्नु भएको छ । यो सेवा वृद्ध आमावुवा सवैलाइ बराबरी रहेको छ । अधिकांश सेवा लिनेमा आमाहरु रहनु भएको भन्दै अझ सेवा विस्तारमा ध्यान दिने नगर प्रमुखले बताउनु भयो ।

**पिसानी मिल**

राप्तीका आमाहरुको स्वास्थ्यलाइ ध्यानमा राख्दै विजुली नपुगेको ठाउमा डिजल पेट्रोल वाट चल्ने मिलको ठाउ ठाउमा व्यवस्था भएको छ । राप्तीको कान्दा वासवाङ होस वा परेवाकोट यो सुविधा अहिले सवै पहाडी क्षेत्रमा पुगेको छ । अध्यारोमै उठेर आमाहरु पिठो पिसानीको लागी घट्ट सम्म जानुपर्ने, ढिकी जाँतो गर्नुपर्ने समस्या समाधानको लागी पिसानी मिलको व्यवस्था गरिएको हो ।

**बर्थिङ सेन्टर**

राप्तीको विकट मानिएका ठाउमा सुत्केरी हुदा ज्याननै जोखिममा पार्नुपर्ने अवस्थाको अन्त्य भएको छ । प्रसव पिडा सहन नसकि, समयमा उपचार नपाइ ज्यान सम्म गुमाउनु पर्ने आमाहरुको खुशिको लागी बर्थिङ सेन्टर सुरु भएको छ । वडा नं १३ मा बर्थिङ सेन्टर सुरु गरिएको हो । बैशाख १५ गते वडाको वासवाङ स्वास्थ्य केन्द्रमा बर्थिङ सेन्टर सुरु भएको र अव सो क्षेत्रका आमाहरु जोखिममा भन्दा वाहिर रहनु हुनेछ ।

**२६ बैशाख, २०८१**

**शमशेर लामा**
**नगर प्रमुख**

प्रस्ताव आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति:२०८१/०१/२७

बागमती प्रदेश सरकारबाट यस नगरपालिकाको आ.व. २०८०/०८१ को लागि स्वीकृत हुन आएको वार्षिक कार्यक्रम अनुसार "स्थानीय तहमा विनियोजित सशर्त अनुदान कराक्रम कार्यान्वयन कार्यविधि, २०८०" देहाय अनुसार कार्यक्रमहरू संचानालन गर्न मिति २०८१/०१/२१ गते नगर प्रमुखको अधक्ष्यतामा बसेको बैठकको निर्णय अनुसार इच्छुक कृषक/समूह/समिति/सहकारी/संघ/संस्था लि./कम्पनि/फर्म/निजि उद्धमिहरुले यो सूचना प्रकाशित भएको मितिले २१ (२०८१/०२/१६) दिन भित्र कार्यालय समयमा यस नगरपालिकाको कृषि तथा सहकारी विकास शाखामा प्रस्ताव दर्ता गर्न हुन आह्वान गरिन्छ। साथै रित नपुगी वा म्याद नाघी प्राप्त प्रस्तावहरु छनौटमा समावेश नगरिने व्यहोरा समेत जानकारी गराइन्छ।

कार्यक्रम विवरण रकम रु. हजारमा

| क्र.सं. | कार्यक्रमको नाम | लक्ष्य | अनुदान रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १. | पुष्प खेति कार्यक्रम | १ | १०,०० | |

आवस्यक कागजातहरु:

१.संचालन गर्ने कार्यक्रमको संक्षिप्त कार्य योजना
२. निवेदन
३.नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
४. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र
५. नगरपालिकामा फर्म/व्यावासय दर्ता भएको र नविकरण गरेको प्रमाणपत्रको प्रतिलिपि
६. जग्गा धनि प्रमाण पुर्जा प्रतिलिपि
७. यसै प्रकृतिको कार्यका लागि विगत २ (दुई) वर्षमा अनुदान लिए/नलिएको स्व-प्रतिवद्धता पत्र
८. जग्गा भाडामा लिई व्यवसाय गरेको ५ (पाँच) वर्षको सम्झौता पत्र
९. विगतमा फुल खेती गरेको कृषकहरुलाई प्रथामिकता दिईनेछ।

**राप्ती नगरपालिका**
**नगरकार्यपालिकाको कार्यालय**
**भण्डारा चितवन**

# अन्तर्राष्ट्रिय श्रमिक दिवस
## (मे १) २०२४ को सन्देश



अन्तर्राष्ट्रिय श्रमिक दिवस (मे १) २०२४ को अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली श्रमजीवी दिदीबहिनी तथा दाजुभाइहरूमा सुख, शान्ति र समृद्धिको हार्दिक शुभकामना व्यक्त गर्दछु। यस अवसरमा नगर भित्र र देशको उद्योग, कृषि, निर्माण र सेवा लगायत श्रमका विभिन्न क्षेत्रमा आफ्नो श्रम र सीप लगानी गरी नगरको समृद्धीमा योगदान गर्ने सम्पूर्ण श्रमिकहरूप्रति म हार्दिक सम्मान प्रकट गर्दछु।

संसारभरी श्रमिकहरूले एकआपसमा ऐक्यवद्धता आदानप्रदान गर्दै श्रमिक अधिकारको रक्षा र प्रवर्द्धनका लागि सबैलाई जागरुक बनाइराख्ने अवसरको रूपमा अन्तर्राष्ट्रिय श्रमिक दिवस अर्थात् मे दिवस मनाइन्छ। यस दिवसले आर्थिक विकास प्रक्रियामा श्रम र सीपको महत्वलाई उजागर गर्दै श्रमलाई सम्मान गर्ने संस्कृतिको निर्माणमा थप योगदान गर्नेछ भन्ने अपेक्षा गरेको छु।

स्थानीय सरकारको हैसियतले राप्ती नगरपालिका भित्र रहि, नगरसंग सहकार्य गरी आफ्नो श्रमबाट समृद्ध राप्तीको लागी महत्वपूर्ण योगदान दिनुहुने सम्पूर्ण श्रमिक दाजुभाइ तथा दिदीवहिनीहरूको श्रमको उच्च मुल्याङकनको व्यवस्था गर्ने प्रतिवद्धता जाहेर गर्दछु।

अन्तमा, अन्तर्राष्ट्रिय श्रमिक दिवसले मर्यादित श्रम, उचित पारिश्रमिक एवम् सामाजिक सुरक्षा लगायतका श्रमिक अधिकारलाई सुनिश्चित गर्नेतर्फ अग्रसर हुन सबैलाई प्रेरणा प्रदान गरोस् भन्ने कामना गर्दछु।

धन्यवाद।

बुधबार, २०८१ बैशाख १९ गते

**शमशेर लामा**
नगर प्रमुख
राप्ती नगरपालिका, चितवन

# शुभकामना



भाषा संरक्षण र समुदायको उत्थानका लागि बागमती प्रदेशसभाले नेपाल भाषा र तामाङ भाषालाई समेत सरकारी कामकाजको मान्यता दिएकोमा खुशि लागेको छ। प्रदेश सरकारले दुवै भाषालाई कामकाजीको मान्यता दिँदै बैशाख २४ को सार्वजनिक बिदाको निर्णय स्वागत योग्य रहेको छ। बागमती प्रदेशमा करिब ६० लाख ४० हजार जनसङ्ख्या छ। त्यसमध्ये तामाङ १२ लाख ५० हजार र नेपाल भाषा बोल्ने १० लाख ४० हजार छन्। तर, मातृ भाषा बोल्नेको संख्या घट्दै गएको छ। नेपाली बाहेक प्रदेशभित्र बहुसङ्ख्यक नागरिकले बोल्ने तामाङ र नेपाल भाषाको संरक्षण, संवर्द्धन तथा विकास गरी सरकारी कामकाजलाई सरल र सहज बनाउने उद्देश्यले बागमती प्रदेशले ल्याएको विधेयक प्रशंसा गर्न लायक रहेको छ। अब प्रदेश सरकारअन्तर्गतका सरकारी र सार्वजनिक संस्थानहरूमा तामाङ र नेपाल भाषालाई सरकारी कामकाजको भाषाको रूपमा प्रयोग आउने छ। प्रदेशका स्थानीय तहले पनि नेपाली बाहेक यी दुई भाषालाई सरकारी कामकाजमा प्रयोगमा ल्याउन सकुन भनी शुभकामना व्यक्त गर्दछौ।

राप्ती नगरपालिकाले पनि प्रदेश सरकारको यो निर्णय र कदमको उच्च सम्मान गर्नेछ। स्थानीयले माग गरेमा, स्थानीयले चाहेमा हामीले पनि यहा बसोबास गर्नुहुने समुदायको बाहूलयता हेरी आवश्यक निर्णय गरी अघि बढ्ने प्रतिबद्धता जाहेर गर्नेछौ। यसबाहेक प्रदेशभित्रका शैक्षिक संस्थामा तामाङ र नेपाल भाषा अध्ययन अध्यापनको व्यवस्था समेत गर्न सकिनेछ। यसबाट बहुसङ्ख्यक जनताले बोल्ने भाषाको संरक्षण र सम्वर्द्धनसँगै रोजगारीका अवसरसमेत सिर्जना हुने विश्वास रहेको छ। भाषा आयोगका अनुसार नेपालमा बोलिने भाषाहरू १ सय ३१ वटा छन्। तीमध्ये धेरै भाषा व्यावहारिक प्रयोगमा नआउँदा लोप हुने अवस्थामा पुगेका छन्। भाषा संरक्षणका लागि भाषा आयोगले दुई वर्षअघि सातै प्रदेशमा बहुसङ्ख्यक जनताले बोल्ने दुई-दुईवटा भाषालाई सरकारी कामकाजको भाषाको रूपमा सिफारिस गरिएको हो। अब प्रदेश सरकारको यो निर्णयलाइ स्थानीय तहले पनि कानुन निर्माण गरी कार्यान्वयन गर्न सकिन्छ।

**२४ बैशाख, २०८१**

**शमशेर लामा**
नगर प्रमुख
राप्ती नगरपालिका, चितवन